१६३ओ ६७

आज मिति २०७७ साल असार २८ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री नोखिराम ओली प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मान वहादुर ठाडा लेखा अधिकृत
श्री सिता कुमारी खत्री गिरी प्रशासकिय अधिकृत
श्री अनिल चपाई, सूचना प्रविधि अधिकृत.
श्री कुलबहादुर खड्का, ना.सु.

इन्द्रिलाल सुनार (प्रजेजा)
गिरि वे. कुमारी (उप्रअ)

Scanned with CamScanner

**निर्णय नं. १. :** हर्रे मनिरामकाँडा सडकको बाँकी खण्डको IEE गर्न कार्यालय र सक्रिय परामर्श सेवा प्रा.लि. फर्मबीच २०७६।१०।२९ मितिमा सम्झौता भई उक्त फर्मले कार्यालयमा मिति २०७७।२।१० मा DPR पेश गरेकोले उक्त DPR स्वीकृत गरी सम्झौता बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २. :** हिमशिखर बहुमुखी क्याम्पसको DPR गर्न कार्यालय र मास्टा इन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्मबीच मिति २०७६।११।२९ मा सम्झौता भई मास्टा इन्जिनियरिङ्ग फर्मले कार्यालयमा हिमशिखर बहुमुखी क्याम्पसको DPR मिति २०७७।३।१५ मा ३ प्रति पेश गरेकोले उक्त DPR स्वीकृत गरी सम्झौता बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३.** दलित संग्रहालय भेरीगंगा ८ डुमकोटमा दलित संग्रहालय बनाउन कार्यालय र आवास इन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्मबीच DPR तयार गर्न मिति २०७६।११।२९ मा सम्झौता भई उक्त फर्मले मिति २०७७।३।१५ मा कार्यालयमा DPR पेश गरेकोले उक्त DPR स्वीकृत गरी सम्झौता बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४.** सशर्त तर्फको बजेट शिर्षक नं नसिङ्ग तथा सामाजिक सुरक्षा तथा कार्यक्रमन मार्फत स्यानिटर प्याडका लागि स्वीकृत कार्यक्रम अर्न्तगत स्यानिटर प्याड खरिद गर्न मिति २०७७।२।२७ मा सूचना आह्वान.गरिए अनुसार पेश हुन आएका तीनवटा दरभाउपत्र मध्येबाट मूल्यांकन समितिले शिशिर मेडिको फर्मा नेपालगंजलाई छनौट गरेको, ७ दिने आशयपत्र प्रकाशन समेत गरेकोमा सम्झौता गर्न आउने भनी पत्राचार गर्न र यसै आ.व. भित्र स्यानिटर प्याड खरिद गरी भुक्तानी दिने सम्मको कार्य गर्न समय अभाव हुने भएकोले स्यानिटर प्याड खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र स्वीकृत नगरी रद्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५.** ग्लोबल समाचारपत्र दैनिक पत्रिकालाई समृद्ध भेरीगंगा पत्रिका थान ५०० प्रकाशन गरेवापत रकम रु २ लाख ५० हजार रुपैयाँ भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६.** आधारभूत शहरी स्वास्थ्य केन्द्र वडा नं. ९ को भवन निर्माण कार्य गर्न भनी मिति २०७६।११।५ मा सिलबन्दी दरभाउपत्रको सूचना आह्वान गरिएको, सो सूचना अनुसार दर्ता हुन आएका दरभाउपत्र मध्ये न्यूनतम मूल्यांकन सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिको मिति २०७७।२।१३ को बैठकबाट वाई. के कन्टक्सन वीरेन्द्रनगर ११ फर्म छनौट भएको र उक्त फर्म छनौटमा परी स्वीकृत गर्ने आशयको सूचना २०७७।२।१४ मा प्रकाशन भएपश्चात मिति २०७७।२।३० मा उक्त फर्मलाई स्वीकृत गरी मिति २०७७।२।३० मा सम्झौता गर्न आउन पत्राचार गरिएकोमा पत्रमा तोकिएको समयभित्र सम्झौता गर्न आई पुगेकोले मूल्यांकन समितिको मिति २०७७।३।२२ को बैठकबाट धरौटी जफत गरी कालोसुचीमा राख्न खरिद अनुगमन कार्यालयलाई लेखी पठाउने निर्णय समेत भएकोमा छनौटमा परी स्वीकृत भएको वाई.के.कन्टक्सन फर्मका संचालनक/प्रो प्राइटरले मिति २०७७।३।२६ मा सम्झौता गरिपाउ भनी निवेदन पेश गरेको हुँदा कारबाही प्रक्रियामा जाने की सम्झौता गर्ने भनी द्विविधा भएकोले कार्यपालिका बैठकमा पेश हुँदा मुलुक अझै पनि लकडाउनकै अवस्थामा रहेको, पत्रमा दिएको मितिभन्दा केही ढीला गरी कार्यालयमा सम्पर्कमा आएको र दोश्रोलाई पत्राचार गर्दा पहिलो र दोश्रोको कबोल अंकमा रु. ३९३१६५।९३ को फरक पर्ने, लकडाउनको कारण आवतजावतमा असहज परिस्थीतित हुँदा तोकिएको समयभन्दा ढिला आएको भएता पनि वाई. के कन्टक्सन वीरेन्द्रनगर ११ सँग ठेक्का सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७.** लकडाउनको समयमा न्यू स्टार माछापुछ्रे होटलमा दमकल चालक, एम्बुलेन्स चालक, टिप्पर चालक, विपद् व्यवस्थापन समितिका पदाधिकारी, स्वास्थ्यकर्मी, प्रहरी सुरक्षाकर्मी, सरसफाईकर्मी, क्वारेन्टाइनमा बसेका व्यक्ति समेतले लकडाउनको समयमा खाएको खानाखाजाको रकम रु. ६ लाख १६ हजार ६० रुपैया भुक्तानी दिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ८. इलाका प्रहरी कार्यालय छिन्चुदेखि छिन्चुखोलासम्म सडक कालोपत्र गर्न भएको ठेक्का नं. BGN।NCB।२०७६।२०७७।०१ को सम्बन्धमा मिति २०७६।१०।७ गते बोलपत्र आह्वान भएको, मिति २०७६।१०।२७ गतेका दिनमा ठेक्का सम्झौता भएको, मिति २०७७।२।३० गतेका दिन कार्य सम्पन्न गर्नुपर्ने, उक्त कार्यका लागि सावित्री शिव निर्माण सेवा भेरीगंगा ११ सुर्खेतले मिति २०७७।२।२१ गतेका दिन लकडाउनका कारण काम गर्न नसकिएको भनी म्याद थपका लागि निवेदन दिएकोले उक्त ठेक्का सम्झौताको म्याद २०७७ भदौ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ९. यस नगरपालिकाका तपसिल बमोजिमका अनमीहरु र कार्यालय सहयोगीलाई करार कर्मचारी शिर्षकबाट रात्री कालिन भत्ता रु. १५०। प्रदान गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| १ सोना विष्ट | २ सिता वि सी | ३ मन्दरा बस्नेत | ४ ज्ञानु खड्का |
| ५ सविता राई | ६ गोल्मा बस्नेत | ७ अस्मिता थापा | ८ चन्द्रा राना |
| ९ हिमा राना | १० देविसरा आर्चाय | ११ सुनिता नेपाली | १२ देउसरा वि.सी |
| १३ डिल कुमारी राना | १४ सिमा सुनार | १५ लिला वस्याल | |

**निर्णय नं. १०** : कार्यपालिकाको मिति २०७६ पौष ८ गतेको वैठक बाट निर्णय भए वमोजिम तपसिलका विद्यालयहरु लाई अनुदान स्वय सेवक तलब भत्ता र मर्मत संम्भार लगायतका विनियोजन भएको निर्णयमा रकम स्पष्ट नभएकोले शिक्षा तर्फ विनियोजन भएको रकम रु १ करोड ८० लाख मध्येबाट संचालन गरिएको र बचत हुन गएको रकम तपसिलका विद्यालयलाई भुक्तानी दिने गरि निर्णय गरियो ।

**तपसिल**

१ प्रा.वि मदानीचौर खा.पा व्यवस्थापन रु. १ लाख

२ शारदा मा.वि छिन्चु १ लाख ४० हजार

निर्णय नं. ११ : भेरीगंगा नगरपालिकाको नगर शिक्षा ऐन २०७५ को दफा १२ लाई देहायवमोजिम संशोधन गरी ऐनको भाग बनाउन विद्यायन समितिको सिफारिसबमोजिम नगर कार्यपालिकाले पारित गर्दै नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल

| **भएको** | **हुनुपर्ने** |
|---|---|
| ऐनको दफा १२ को 'घ' मा नगर सभाका सदस्यहरु मध्येबाट एकजना महिला सहित नगर कार्यपालिकाले तोकेको दुईजना सदस्य | नगरसभाका सदस्यमध्येहरु मध्येबाट कम्तीमा एकजना दलित, अपांगताभएका व्यक्ति र महिला पर्ने गरी बढीमा चारजना सदस्य |

**निर्णय नं. : १२** कोभिड १९ बाट भएको शैक्षिक क्षति न्यूनिकरण तथा विद्यार्थीको सिकाई प्रवर्द्धन कार्यक्रम तर्फ संघीय सरकारबाट आ.व. ०७६/०७७ वा प्राप्त सशर्त बजेट ४ लाख रेडियो भेरीगंगा मार्फत शैक्षिक कार्यक्रम संचालन गर्ने नगर शिक्षा समितिले मिति २०७७।२।१६ गते निर्णय गरेपनि आर्थिक बर्ष समाप्त हुने समय नजिक रही कार्यक्रम संचालन गर्न अफ्ठयारो परेकोले सो बजेटबाट यस नगरपालिकाको सूचना, विज्ञापन, जिङ्गल लगायतका कार्यक्रम संचालन गरे वापत रेडियो भेरीगंगा एफ.एम. लाई रु १,००,०००/ (रु एक लाख) भुक्तानी दिन र अन्य बाकी ३ लाख बजेटबाट शिक्षा तथा मावन श्रोत विकास केन्द्रले उत्पादन तथा सिफारिस गरेको प्रारम्भिक बालविकास र कक्षा १ को स्वअध्ययन तथा सिकाइ क्रियाकलाप सामाग्री खरिद गरी विद्यालयहरुलाई वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** : भेरीगंगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७६।९।८ गतेकोभएको निर्णयअनुसार अनुदान तथा कार्यक्रम संचालन गर्नका लागि विभिन्न विद्यालयहरुलाई विनियोजन गरिएको बजेट शिक्षा तर्फ छुट्याईएको १ करोड ८० लाख अन्तर्गत स्वयमसेवक शिक्षक व्यवस्थापन शिर्षकबाट बचत रहेको रकमबाट भुक्तानी गर्ने र विभिन्न वडाहरुले शिक्षक व्यवस्थापनका लागि छुट्याएको बजेट समेत भुक्तानी गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. १४ :** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकामा संचालन भएका योजनाहरुको सम्बन्धमा काममा लागि पारिश्रमीकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा १३ को घ बमोजिम कोभिड १९ का कारण बैंक खाता खोल्न सक्ने अवस्था नरहेकोले श्रमीकको बैंक खातामार्फत भुक्तानी गर्न सक्ने अवस्था नरहेकोले श्रमीकलाई भरपाई गराईं नगदै वितरण गर्नका लागि वडाको सिफारिस भई आएपछि उपभोक्ता समितिको खातामार्फत भुक्तानीको व्यवस्था गर्ने ।

**निर्णय नं. १५ :** अटो रिक्साको नविकरण गर्ने सम्बन्धमा कोभिड १९ को कारणले समयमा नविकरण गर्न नसकेकोले उक्त समयमा लाग्ने जरिवाना छुट दिई नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:** वडा स्तरिय योजना अनुगमन गर्दाको वडा समितिलाई अनुगमन भत्ता भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १७ : 'बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको'** कार्यक्रम संचालन कार्यविधि २०७६ को दफा ७ को उपदफा १ मा सम्बन्धित स्थानीय तहले आफ्नो बैंकीङ्ग कारोबार गरिरहेको सेवा प्रदायक संस्थासँग सम्झौता गरी कार्यक्रम अन्तर्गत खाता संचालनको सेवा प्राप्त गर्नेछन् भन्ने व्यवस्था भएअनुसार उक्त कार्यक्रमको लागि कृषि विकास बैंक छिन्चु शाखालाई छनौट गर्ने निर्णय गरियो ।

Scanned with CamScanner